**March 15th, 2025 Saturday**

**आकाशवाणी**

**प्रमुख समाचार:**

1. प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा आसामले तीव्र गतिमा विकास गरिरहेको र राज्यमा शान्ति स्थापना भएको गृहमन्त्री अमित शाहको भनाइ
2. विद्यार्थीहरूले विकास गरेका नयाँ स्टार्टअपहरूलाई सरकारले पूर्ण सहयोग गर्ने सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवको धारणा
3. केन्द्र शासित प्रदेश लद्दाखको प्रशासनले आगामी आर्थिक वर्षमा अन्तर्राष्ट्रिय सहकारिता वर्ष मनाउने निर्णय
4. पद्म पुरस्कार–२०२६ का लागि आजदेखि अनलाइन मनोनयन सुरु
5. अनि क्रिकेटमा, दिल्ली क्यापिटल्सले आज साँझ मुम्बईमा महिला प्रिमियर लिगको फाइनलमा मुम्बई इन्डियन्सको सामना गर्ने

---

Amit Shah- Assam Rifles , Mizoram

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज असमको गोलाघाट जिल्लाको डेरगाउँमा अत्याधुनिक लचित बारफुकन पुलिस एकेडेमीको उद्घाटन गर्नुभयो। साथै उहाँले पुलिस एकेडेमीको आवासीय परियोजनाहरूको शिलान्यास गर्नुभयो। सो अवसरमा उहाँले आगामी ५ वर्षमा यो पुलिस एकेडेमी भारतकै उत्कृष्ट एकेडेमी बन्ने बताउनुभयो । गृहमन्त्रीले आसाममा तीव्र गतिमा विकास भइरहेको र प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा राज्यमा शान्ति स्थापना भएको बताउनुभयो । श्री शाहले प्रधानमन्त्री मोदीको प्रयासका कारण राज्यका लगभग सबै विद्रोही समूहहरूले शान्ति वार्तामा भाग लिएको अनि धेरै समूहहरूले आत्मसमर्पण गरेको बताउनुभयो ।

डेरगाउँमा कार्यक्रम पछि, श्री अमित शाह आइजोलमा असम राइफल्सको कार्यक्रममा भाग लिन मिजोरम जानुभयो। गृहमन्त्रीले असम राइफल्सको मुख्यालयलाई मध्य आइजोलबाट जोखाव्साङमा सार्ने बहुप्रतीक्षित मागको पूर्ति हुनु मिजोरमको विकासको लागि महत्त्वपूर्ण कदम हो भन्नुभयो। यसले मिजो समुदायका मानिसहरूप्रति भारत सरकारको प्रतिबद्धता झल्काउँछ भन्नुभयो। भोलि गृहमन्त्रीले कोकराझार जिल्लाको डोटमामा अखिल बोडो विद्यार्थी युनियनको वार्षिक सम्मेलनलाई सम्बोधन गर्ने कार्यसूची रहेको छ।

Aswini Vaisnav – Tamilnadu

केन्द्रीय रेलवे, इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले विद्यार्थीहरूले विकास गरेका नयाँ स्टार्टअपहरूलाई सरकारले पूर्ण सहयोग गर्ने बताउनुभएको छ। आईआईटी थायुरको हाइपरलूप परियोजनामा संलग्न विद्यार्थीहरूसँग अन्तरक्रिया गर्दै केन्द्रीय मन्त्रीले यस प्रोजेक्टरको विकासलाई तीव्रता दिन प्राथमिकता दिइने बताउनुभयो। श्री वैष्णवले विद्यार्थीहरूलाई नयाँ प्रविधिमा प्रोटोटाइपहरू विकास गर्नमा

ध्यान दिन आग्रह गर्नुभयो। आज श्रीपरमबागदूरमा जेटवर्क इलेक्ट्रोनिक्स सेन्टरको उद्घाटन गरेपछि उहाँले अमृत योजना अन्तर्गत ७७ रेलवे स्टेशनको पुनर्निर्माण गरिने बताउनुभयो।

मन्त्री वैष्णवले नरेन्द्र मोदी सरकारले सबै भारतीय भाषाहरूलाई सम्मान गर्छ भन्नुहुँदै सबै भाषाको संरक्षण र प्रोत्साहन गर्नुपर्ने बताउनुभयो।

Jammu Kashmir – NEP

जम्मू कश्मीर स्वास्थ्य र चिकित्सा शिक्षा र समाज कल्याण र शिक्षा मन्त्री सकिना इतुले राष्ट्रिय शिक्षा नीति-2020 केन्द्र शासित प्रदेशका सबै सरकारी डिग्री कलेजहरूमा लागू गरिएको बताउनुभएको छ। आज विधानसभामा एक प्रश्नको जवाफमा उहाँले यस्तो बताउनुभएको हो। मन्त्रीले कलेजहरूमा रोजगारमूलक र सीपमूलक पाठ्यक्रमहरू सञ्चालनमा ल्याइएकाले विद्यार्थीको रोजगारी र व्यवहारिक शिक्षामा वृद्धि भएको बताउनुभयो।

Ladakh – International Year of Cooperative

केन्द्र शासित प्रदेश लद्दाखको प्रशासनले आगामी आर्थिक वर्षमा अन्तर्राष्ट्रिय सहकारिता वर्ष मनाउने निर्णय गरेको छ। यस अवधिमा केन्द्र शासित प्रदेशमा निष्क्रिय सहकारी क्षेत्रलाई पुनः सञ्चालनमा ल्याउनका लागि धेरै गतिविधिहरू परिचालन गरिनेछ। । सहकारी विभागले पनि सहकारी क्षेत्रलाई सुदृढ गर्न विभिन्न पहल थालेको छ।

Murugun – Karaikal Visit

केन्द्रीय सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले आज पुडुचेरीको कराइकलको भ्रमण गर्नुभयो। सो क्रममा उहाँले कराइकलमा रहेको आकाशवाणी केन्द्रको कामकारबाही र गतिविधिको समीक्षा गर्नुभयो। बैठकमा आकाशवाणीका वरिष्ठ अधिकारीहरू उपस्थित थिए।

Telangana - Srisailam Left Bank Canal (SLBC)

तेलंगानाको आंशिक रूपमा क्षतिग्रस्त एक सुरुङमा फसेका सात जनाको खोजी कार्य तीव्र गतिमा भइरहेको छ। अत्याधुनिक मेसिनरीसहितको रोबोट पनि तैनाथ गरिएको छ। खोजी कार्यमा संलग्न विभिन्न संघसंस्थाका कर्मचारी आवश्यक उपकरणसहित सुरुङभित्र पसेका छन्।

Prahlad Joshi – Consumer Rights Day

केन्द्रीय उपभोक्ता मामिला मन्त्री प्रल्हाद जोशीले भ्रामक दाबीहरूबाट उपभोक्ताहरू पूर्ण रूपमा सचेत र सुरक्षित छन् भन्ने सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। श्री जोशीले आज विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा भिडियो कन्फ्रेन्समार्फत् वेबिनारलाई सम्बोधन गर्दै सरकारले उपभोक्ता संरक्षणमा मात्र नभई उपभोक्ता समृद्धिमा पनि जोड दिएको बताउनुभयो। उल्लेख्य, प्रत्येक वर्ष १५ मार्चमा यो दिवस उपभोक्ता अधिकार र तिनको संरक्षणको आवश्यकतालाई स्मरण गराउन मनाइने गरिन्छ।

Padma Puraskar

आगामी वर्ष गणतन्त्र दिवसका अवसरमा घोषणा गरिने पद्म पुरस्कार–२०२६ का लागि आजदेखि अनलाइन मनोनयन सुरु भएको छ। नामांकनको अन्तिम मिति 31 जुलाई 2025 रहेको छ। पद्म पुरस्कारका लागि नामांकन र सिफारिसहरू राष्ट्रिय पुरस्कार पोर्टलमा अनलाइन मात्र स्वीकार गरिनेछ।

Canada PM

क्यानडाको केन्द्रीय बैंकका पूर्व अधिकारी मार्क कार्नीले नयाँ प्रधानमन्त्रीको रूपमा शपथ ग्रहण गर्नुभएको छ। ६९ वर्षीय कार्नीले प्रधानमन्त्री जस्टिन ट्रुडोको स्थान लिनुभएको छ। श्री ट्रुडोले नौ वर्षदेखि क्यानडाको प्रधानमन्त्रीको रूपमा पदभार ग्रहण गरिरहनुभएको थियो।

SpaceX  - Sunita Williams

SpaceX र NASA ले अमेरिकी अन्तरिक्ष यात्री सुनिता विलियम्स र बुच विल्मोरलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनबाट फिर्ता ल्याउने अभियान सुरु गरेको छ। सुनिता र बुच नौ महिनादेखि अन्तरिक्ष स्टेशनमा फसेका थिए।

Sports News

अब खेल समाचारः **महिला प्रिमियर लिग क्रिकेटको फाइनलमा** आज मुम्बई इन्डियन्सले दिल्ली क्यापिटल्सको सामना गर्नेछ। खेल साँझ साढे सात बजेदेखि मुम्बईको ब्रेबोर्न स्टेडियममा हुनेछ। दुवै टोली दोस्रो पटक फाइनलमा भिड्दैछन्। अर्कोतर्फ, **अन्तर्राष्ट्रिय मास्टर्स लिग क्रिकेट प्रतियोगिताको फाइनलमा** भारतले भोलि वेस्ट इन्डिजको सामना गर्नेछ। यो खेल छत्तीसगढको रायपुरमा साँझ साढे सात बजेदेखि सुरु हुनेछ। रायपुरमा गएराति भएको दोस्रो सेमिफाइनलमा वेस्ट इन्डिजले श्रीलंका मास्टर्सलाई ६ रनले पराजित गरेको थियो।पहिलो सेमिफाइनलमा सचिन तेन्दुलकरको कप्तानीमा भारतले अस्ट्रेलियालाई ९४ रनले पराजित गरेको थियो। **इन्डियन सुपर लिग फुटबल प्रतियोगिताको** प्लेअफ खेलको तालिका सार्वजनिक भएको छ। २९ र ३० मार्चमा नकआउट खेल हुनेछन्। यसपछि अप्रिल २ र ३ र अप्रिल ६ र ७ मा दुई चरणका सेमिफाइनल खेल हुनेछन्। सिजन २०२४-२५ को फाइनल खेल १२ अप्रिलमा हुनेछ।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा आसामले तीव्र गतिमा विकास गरिरहेको र राज्यमा शान्ति स्थापना भएको गृहमन्त्री अमित शाहको भनाइ
2. विद्यार्थीहरूले विकास गरेका नयाँ स्टार्टअपहरूलाई सरकारले पूर्ण सहयोग गर्ने सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवको धारणा
3. केन्द्र शासित प्रदेश लद्दाखको प्रशासनले आगामी आर्थिक वर्षमा अन्तर्राष्ट्रिय सहकारिता वर्ष मनाउने निर्णय
4. पद्म पुरस्कार–२०२६ का लागि आजदेखि अनलाइन मनोनयन सुरु
5. अनि क्रिकेटमा, दिल्ली क्यापिटल्सले आज साँझ मुम्बईमा महिला प्रिमियर लिगको फाइनलमा मुम्बई इन्डियन्सको सामना गर्ने

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**